तुलसीपुर उपमहानगरपालिका

प्रदेश नं. ५, नेपाल

# अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५

तुलसीपुर उपमहानगरपालिका

[illegible]सभाबाट स्वीकृत मिति :

प्रमाणीकरण :-

मिति :-

घनश्याम [illegible]
(प्रमुख)

नगरसभाबाट स्वीकृत मिति :
प्रमाणीकरण मिति :

# अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि,२०७५

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५ पौष ४

प्रमाणिकरण मिति : २०७५ माघ २४

**प्रस्तावना :**

नेपालको संविधान, अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ तथा संयुक्त राष्ट्रसंघले पारीत गरी नेपाल सरकारले हस्ताक्षर समेत गरीसकेको अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी महासन्धी २००६ (Convention on the Right of Person with Disabilities CRPD ) को उद्धेश्य, मर्म र भावना बमोजिम अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धि कार्यविधि बनाउन वाञ्छनिय भएकाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ (त) ले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाले देहायको कार्यविधि जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम “अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५” रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) “ऐन” भन्नाले अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ (पहिलो संसोधन २०७५ समेत) सम्झनु पर्दछ ।

(ख) “नियमावली” भन्नाले अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ अनुसार बन्ने नियमावली सम्झनु पर्दछ ।

(ग) “स्थानिय तह” भन्नाले तुलसीपुर उपमहानगरपालिका सम्झनु पर्दछ ।

(घ) “वडा कार्यालय” भन्नाले तुलसीपुर उपमहानगरपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

(ङ) “समन्वय समिति” भन्नाले अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ (पहिलो संशोधन २०७५ समेत) को दफा ४२ बमोजिमको स्थानिय समन्वय समिति सम्झनु पर्दछ ।

## परिच्छेद २
## उद्धेश्य र मापदण्ड

**३. उद्धेश्य : यस कार्यविधिको उद्धेश्य देहाय बमोजिम रहेका छन् ।**

(क) विभिन्न प्रकारका अपांगता भएका नेपाली नागरीकहरुको पहिचान गरी उनीहरुलाई सेवा सुविधामा पहुँच स्थापित गर्न, त्यस्ता सेवा सुविधाहरुको लागि योजना निर्माण गर्न र स्थानिय तह देखि नै विभिन्न प्रकृतिका अपांगता भएका व्यक्तिहरुको वर्गिकृत लगत राख्न सहज तुल्याउने ।

(ख) अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि २००६ (CRPD) मा नेपाल सरकारले जनाएको प्रतिवद्वता बमोजिम अपांगता भएका व्यक्तिलाई प्राथमिकताको आधारमा सेवा सुविधाहरु उपलब्ध गराउन सहज बनाउने ।

(ग) अपांगताको प्रकृति,वर्गिकरण र अवस्थाका आधारमा अपांगता भएका व्यक्तिले पाउने सेवा, सुविधा र अवसरको प्राथमिकिकरण गर्न सहयोग गर्ने ।

नगरसभाबाट स्वीकृत मिति :
प्रमाणीकरण :-
मिति :-



Scanned with CamScanner

४. **परिचय पत्र वितरणका मापदण्ड देहाय बमोजिम रहेका छन् :**

अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको अनुसूचीमा प्रकृतिको आधारमा अपांगतालाई दश (१०) प्रकारमा वर्गिकरण गरीएको छ । अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको अनुसूचीमा उल्लेखित गाम्भिर्यताको आधारमा गरीएको अपांगताको वर्गिकरण गरी देहायका चार (४) समूहका परिचय पत्र वितरण गरीनेछ :

**(क) पूर्ण असक्त अपांगता :**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई "क" वर्गको परिचय पत्र उपलव्ध गराईनेछ जुन रातो रंगको पृष्ठभूमिमा जारी गरीनेछ ।

(१) व्यक्तिको शारिरीक, मानसिक वा ईन्द्रिय सम्बन्धी प्रणालीहरुमा भएको क्षति र यसले ल्याएका कार्यगत विचलनको अवस्था असाध्य गम्भिर भई अरुको सहयोग लिएर पनि दैनिक जिवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति ,

(२) सामान्य भन्दा सामान्य दैनिक कियाकलापहरु पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने, तिव्र बौद्धिक अपांगता भएका व्यक्तिहरु , तिव्र रुपमा अटिज्म प्रभावित व्यक्ति,पूर्ण रुपमा श्रवणदृष्टिविहिन व्यक्तिहरु,

(३) दुई वा सो भन्दा वढी प्रकृतिका शारीरिक, मानसिक वा ईन्द्रिय सम्बन्धी क्षति भई सबै जसो दैनिक कियाकलापहरु अन्य व्यक्तिकै सहयोगमै गर्नु पर्ने अवस्थाका व्यक्तिहरु ,

(४) निरन्तर रुपमा सघन हेरचाह (स्याहार सुसार) को आवश्यक परिरहने शारीरिक अपांगता भएका व्यक्ति वा मनो सामाजिक अपांगता भएका व्यक्तिहरु ।

**(ख) अति अशक्त अपांगता :**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई "ख" वर्गको परिचय पत्र उपलव्ध गराईनेछ जुन निलो रंगको पृष्ठभूमिमा जारी गरीनेछ ।

(१) शारीरिक,मानसिक वा ईन्द्रिय सम्बन्धि क्षति वा विचलन भएता पनि निरन्तर वा अधिकांश समय सहयोगी , दोभाषे वा मानव पथ प्रदर्शक आदिको सहयोगमा आफ्नो दैनिक कियाकलापहरु लयागत हिडडुल र संचार गर्न कठिनाई हुने व्यक्तिहरु,

(२) मष्तिस्क पक्षघात, मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया,मांशपेशी सम्बन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरीरको ढाड,हात,गोडा ,कम्मर आदिले काम गर्न नसकि दैनिक आवागमनका लागि ह्वील चीयर प्रयोग गर्नु पर्ने अवस्थाका व्यक्तिहरु,

(३) दुवै हात कुम देखि वा पाखुरा देखि मुनी पुरै नचल्ने वा गुमाएका , विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने , कम्मरभन्दा मुनीको भाग गुमाएका वा नचल्ने ,दुवै गोडा पूर्ण कियाशिल नभई वैशाखीको प्रयोग गर्ने व्यक्तिहरु,

(४) दृष्टि विहिन र पूर्ण दृष्टिविहिनको परिभाषा अन्तरगत पर्ने व्यक्तिहरु,

(५) सञ्चारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने (वहिरा) ,दैनिक जिवनका कियाकलापहरु स्वयं गर्न नसक्ने, सिकाईमा समस्या भएका वौद्धिक अपांगता वा अटिज्म भएका व्यक्तिहरु , निरन्तर अरुको सहयोग लिई रहनु पर्ने वहु अपांगता भएका व्यक्तिहरु ।

**(ग) मध्यम अपांगता :**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई "ग" वर्गको परिचय पत्र उपलब्ध गराईनेछ जुन पहेंलो रंगको पृष्ठभूमिमा जारी गरीनेछ ।

(१) कृतिम अंग , क्यालिपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामाग्रीको प्रयोगबाट सामान्य हिडडुल लगायत दैनिक जिवनका कियाकलापहरु स्वयं गर्न सक्ने,

(२) विभिन्न कारणले घुडामुनीको अंगमा मात्र प्रभाव परेको तर सहायक सामाग्रीको प्रयोग नगरेर पनि सामान्य हिडडुल गर्न सक्ने,

(३) कुम वा पाखुरा भन्दा मुनी एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम् गर्न नसक्ने,



Scanned with CamScanner

(४) दुवै हातको हत्केला भन्दा मुनीका कम्तीमा बुढी औंला र चोर औंला गुमाएका,
(५) दुवै गोडाको कुर्कुच्चा भन्दा मुनीको भाग नभएका तर सामान्य हिंडडुल गर्न सक्ने ,
(६) मेरुदण्डमा समस्या भई ढाड कुप्रियको,
(७) सिकाईमा ढिला भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्धिक अपांगता र अटिज्म भएका व्यक्तिहरु ,
(८) श्रवण यन्त्रको प्रयोगबाट वा ठूलो आवाज मात्र सुन्न सक्ने सुष्त श्रवण व्यक्तिहरु,
(९) शल्यक्रियाबाट स्वर यन्त्र झिकि घाँटीको नलीबाट मात्र वोल्नु पर्ने अवस्था भएका व्यक्तिहरु ,
(१०) ओठतालु फाटेको कारण वोली अस्पष्ट भएका व्यक्तिहरु ,
(११) बोल्दा अड्किने,शब्द वा अक्षर दोहोऱ्याउने समस्या तिव्र भएका भकभके व्यक्तिहरु
(१२) तिन फिट भन्दा मुनीका होचा पुड्का व्यक्तिहरु ,
(१३) चस्मा र श्रवण यन्त्र दुवै प्रयोग गर्ने श्रवण दृष्टिविहिन व्यक्तिहरु, लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु,
(१४) अनुवंशिय रक्तश्राब (हेमोफेलिया) सम्बन्धी सम्बन्धी समस्या भई दैनिक जिवनमा कठिनाई हुने व्यक्तिहरु,
(१५) मानसिक वा मनोसामाजिक अपांगता भएका व्यक्तिहरु ।

**(घ) सामान्य अपांगता :**

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई "घ" वर्गको परिचय पत्र उपलब्ध गराईनेछ जुन सेतो रंगको पृष्ठभूमिमा जारी गरीनेछ ।

(१) शारीरिक,मानसिक वा ईन्द्रिय सम्बन्धी सामान्य विचलन भएका तर दैनिक जिवनका क्रियाकलापहरु स्वयं सम्पादन गर्न सक्ने ,
(२) हात वा खुट्टा केहि छोटो भएका, एक हातको हत्केला भन्दा मुनी नचल्ने वा गुमाएका, एक हातको हत्केला भन्दा मुनीका कम्तिमा बुढी औंला र चोर औंला गुमाएका वा दुवै हातको हत्केला मुनीका कम्तिमा बुढी औंला र चोर औंला भएका व्यक्तिहरु,
(३) ठूलो अक्षर पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु,
(४) दुवै गोडाको सबै औलाका भागहरु नभएका व्यक्तिहरु,
(५) श्रवणयन्त्र लगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्तश्रवण व्यक्तिहरु ।

## परिच्छेद ३
## परिचय पत्र ढाँचा र समन्वय समिति

५. **अपांगता भएका व्यक्तिहरुको परिचय पत्रको ढाँचा देहाय बमोजिम हुनेछ :** परिचय पत्र बाहक व्यक्तिको व्यक्तिगत विवरण स्पष्ट हुने गरी नागरीकताको प्रमाणपत्रको ढाँचामा यस कार्यविधिको अनुसूची २ बमोजिम एकापट्टि नेपाली भाषामा र अर्को पट्टि अंग्रेजी भाषामा लेखिएको माथि दफा ४ मा उल्लेखित मापदण्ड अनुसार एकपृष्ठको परिचय पत्र गाम्भिर्यताको आधारमा गरीएका चार वर्गका अपांगता भएका व्यक्तिलाई चार फरक रंगमा उपलब्ध गराईने छ ।

स्वीकृत मिति :
प्रमाणीकरण :-
मिति :-

६. समन्वय समिति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को दफा ४२ अनुसार अपांगता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि तुलसीपुर उप महानगरपालिकामा देहाय बमोजिमको स्थानिय समन्वय समिति रहनेछ ।

(क) यस तुलसीपुर उप महानगरपालिकाको उप प्रमुख : संयोजक

(ख) तुलसीपुर उप महानगरपालिकाको महिला सदस्य मध्यबाट नगरपालिका बाट तोकेको महिला सदस्य : सदस्य

(ग) तुलसीपुर उप महानगरपालिका भित्रका माध्यमिक विद्यालयका प्रध्यानाध्यापक वा श्रोत व्यक्ति मध्यबाट नगरप्रमुखले तोकेको व्यक्ति : सदस्य

(घ) तुलसीपुर उप महानगरपालिकाको प्रमुखले तोकेको स्थानिय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक : सदस्य

(ङ) स्थानिय प्रहरी कार्यालयको प्रमुख : सदस्य

(च) अपांगता भएका व्यक्तिको हक हित र संरक्षणमा स्थानिय स्तरमा कार्यरत संघसंस्थाहरु मध्येबाट नगर प्रमुखले मनोनीत गरेको संस्थाको प्रतिनिधि : सदस्य

(छ) तुलसीपुर उप महानगरपालिका भित्रका अपांगता भएका व्यक्तिहरु मध्यबाट समन्वय समितिले मनोनयन गरेका दुईजना महिला सदस्य सहित ५ जना : सदस्य

(ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानिय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख : सदस्य

(झ) तुलसीपुर उप महानगरपालिका अन्तरगत जनस्वास्थ्य प्रवर्द्धन शाखा वा महाशाखाको प्रमुख : : सदस्य

(ञ) तुलसीपुर उप महानगरपालिकाको प्रशासकिय प्रमुखले तोकेको तुलसीपुर उप महानगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तरगत सम्बन्धित शाखाको कर्मचारी : सदस्य सचिव

(२) स्थानिय समन्वय समितिले अपांगता परिचय पत्र वितरणका लागि सिफारीस गर्ने कामका साथै ऐनको दफा ४३ को (च) बमोजिम परिचय पत्र सम्बन्धी कानुनी संरचनागत तथा अन्य सुधार गर्नु पर्ने विषयमा प्रदेशको सामाजिक विकास मन्त्रालय , महिला बालबालिका तथा जेष्ठनागरिक मन्त्रालय लगायत सम्वन्धित निकायमा लेखि पठाउनु पर्नेछ ।

नगरसभाबाट स्वीकृत मिति :
प्रमाणीकरण :-

मिति :-

घनश्याम पाण्डे
(प्रमुख)

## परिच्छेद ४
## परिचय पत्र वितरण

**७. परिचय पत्र वितरण प्रकृया देहाय बमोजिम हुनेछ :**

(क) अपांगता भएका व्यक्तिको स्थायी ठेगाना भएको स्थानिय तहको वडा कार्यालयमा अपांगता भएका व्यक्ति स्वयं, नीजका अभिभावक वा संरक्षकले अनुसूची १ बमोजिमको ढाँचामा परिचय पत्र प्राप्तिका लागि सबै पुस्ट्याँई गर्ने प्रमाणित (स्व/नोटरी) कागजातहरु दुई प्रति समावेश गरी निवेदन दिनु पर्नेछ ।

(ख) दरखास्तमा आफ्नो नाम, स्थायी ठेगाना,उमेर,अपांगता खुलेको लिखित प्रमाणित प्रतिलिपी, पास पार्ट साईजको (संभव भएसम्म अपांगता देखिने गरी खिचिएको फोटो) फोटो,अशक्तताको गाम्भिर्यता अवस्था र शरीरका अंगहरुले गर्ने काममा आएको समस्या वा दैनिक कियाकलापमा हुने सिमितताहरुको विवरण सम्लग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि जन्मदर्ता प्रमाण पत्र वा नागरिकताको प्रमाण पत्र वा जग्गाधनि प्रमाण पुर्जा वा शैक्षिक योग्यताको प्रमाण पत्र वा मतदाता परिचय पत्र वा अपाङ्गताको आधारमा कुनै जागिर गरिरहेको भय नियुक्ति पत्र वा त्यो संस्थाले दिएको प्रमाण वा जि.प्र.का. मा दर्ता भएका अपाङ्गता सम्बन्धि कार्य गर्ने संघसंस्थाले गरेको सिफारिस मध्ये कुनै एक वा यस्तै विश्वस्त हुन सक्ने आधार दिने अन्य प्रमाणीत लिखितलाइ आधार मानिने छ ।

(ग) रित पुगि आयको निवेदनमा वडा कार्यालयले निवेदन प्राप्त भएको मितिले बढिमा ३ दिन भित्र निवेदकले पेश गरेका कागजातहरुको एक प्रति कार्यालयमा राखि वडा कार्यालयको सिफारिस सहित एक प्रति तुलसीपुर उपमहानगरपालिकामा पठाउनु पर्दछ ।

(घ) सम्वन्धित व्यक्तिले पेश गरेको निवेदन उपर कुनै कागजात वा प्रमाण नपुगि परिचयपत्रका लागि सिफारिस गर्न उपयुक्त नदेखियमा सो व्यहोरा निवेदकलाइ ३ दिन भित्रमा जानकारी दिनुपर्दछ ।

(ङ) वडा कार्यालयले सिफरिस गर्न नसकिने भनि दिएको जानकारी निवेदकलाइ चित्त नबुझ्ने सुचना पाएको १५ दिन भित्रमा सम्वन्धित स्थानिय तह समक्ष निवेदन दिन सक्नेछ ।

(च) यसरी प्राप्त भएको निवेदन समेत समावेश राखि स्थानिय समन्वय समितिको बैठकमा पेश गर्नुपर्दछ । निवेदकले पेश गरेको कागजात र अन्य संभाव्य तथ्य प्रमाणका आधारमा निजले परिचय पत्र पाउने देखियो भनी दफा ४२ बमोजिमको स्थानिय समन्वय समितिले सिफारिस गरेमा निजलाइ परिचय पत्र वितरण गरि त्यसको जानकारि निवेदक तथा वडा कार्यालयलाइ दिनुपर्दछ ।

(छ) परिचय पत्रका लागि सिफारिस गर्न कुनै कठिनाइ परेमा वडा कार्यालयले चिकित्सक/विशेषज्ञ वा अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधिसंग राय परामर्श लिन सक्नेछ ।

नगरसभाबाट स्वीकृत मिति :

प्रमाणीकरण

मिति :-

घनश्याम पाण्डे
(प्रमुख)



Scanned with CamScanner

(ज) सामान्यतया अपाङ्गता भएका व्यक्ति स्वयंले आफ्नो परिचय पत्र बुझिलिनु पर्दछ ।अति अशक्त वा पुर्ण अशक्त अपाङ्गता भएको कारणले परिचय पत्र बुझि लिन आउन नसक्ने भएमा वडा कार्यालयको सिफारिसमा परिवारको सदस्य ,संरक्षक वा निजको बसोबास गर्ने स्थानिय निकायका पदाधिकारीले निजलाइ बुझाउने गरि बुझि लिन सक्नेछन् ।

(झ) परिचय पत्र प्राप्त व्यक्तिको वर्गिकृत लगत स्थानिय तहले कम्प्युटराइज्ड गरि आफ्नो कार्यालयमा राखि चौमासिक रुपमा प्रदेश र संघको सम्वन्धित मन्त्रालयमा जानकारी गराउनुपर्नेछ ।

(ञ) दफा ४२ बमोजिमको समन्वय समितिले परिचय पत्र दिन भनि ठहर गरेका व्यक्तिलाइ स्थानिय तहको कार्यालयले अनुसुचि २ बमोजिमको परिचय पत्र ( अपाङ्गता भएका व्यक्तिहरुलाइ ) निशुल्क उपलब्ध गराउनुपर्नेछ ।

(ट) परिचय पत्रमा उपमहानगरपालिकाको प्रमुख प्रशाशकिय अधिकृतको हस्ताक्षर हुनेछ । तर हस्ताक्षर प्रयोजनका लागि प्रचलित कानुनको अधिनमा रहि सम्वन्धित शाखा वा अन्य अधिकृत कर्मचारीलाइ समेत अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

(ठ) प्रत्यक्ष रुपमा देखिने वा अवलोकन गर्न सकिने शारिरीक, मानसिक वा इन्द्रिय सम्बन्धि क्षतिका हकमा परिचय पत्र प्रदान गर्ने अधिकारीले अवलोकन गरी तत्काल उपयुक्त परिचय पत्र उपलब्ध गराउनुपर्नेछ ।

(ड) प्रत्यक्ष रुपमा नदेखिने वा अवलोकन गर्न नसकिने शारिरीक, मानसिक वा इन्द्रिय सम्वन्धि क्षति भएका वा प्रष्ट रुपमा छुट्याउन समस्या भएका अपाङ्गता भएका व्यक्तिका हकमा नेपाल सरकारको स्वास्थ्य अस्पतालको चिकित्सकको सिफारीसका आधारमा प्रदान गर्न सकिनेछ । यदि चिकित्सकको सिफारीसमा द्विविधा आएमा समन्वय समितिमा पेश गरी समितिको सिफारिसका आधारमा परिचय पत्र वितरण गर्नुपर्नेछ ।

**८. अन्य स्थानिय तहबाट परिचय पत्र वितरण गर्ने :**

स्थानिय ठेगानामा वसोवास नभएका र विभिन्न अवरोध तथा शारिरीक मानसिक अवस्थाका गम्भिर्यताको कारण आफ्नो अस्थाइ वसोवास भएको जिल्लामा गइ अपाङ्गता परिचयपत्र प्राप्त गर्न असमर्थ व्यक्तिहरुका लागि निजको स्थायी वसोवास भएको स्थानको सम्बन्धित स्थानिय तहबाट परिचयपत्र नलिएको सुनिश्चित भएमा दफा ५ को प्रक्रिया पुरा गरि परिचयपत्र प्रदान गर्न सम्बन्धित स्थानिय तहलाइ जानकारी गराउन सकिनेछ ।

नगरसभाबाट स्वीकृत मिति :
प्रमाणीकरण :



मिति :-
घनश्याम पाण्डे
(प्रमुख)

Scanned with CamScanner

९. प्रतिलिपि सम्बन्धि व्यवस्था :

(क) परिचय पत्र हराइ , नासिइ वा बिग्रीइ परिचय पत्रको प्रतिलिपि लिनुपर्ने भएमा आफ्नो स्थायी ठेगाना यस पालिका अन्तरगतमा भएको भए यस स्थानिय तहको वडा कार्यालयमा यथार्थ विवरण र कारण खुलाइ सिफारिसका लागि निवेदन पेश गर्नुपर्नेछ ।

(ख) वडा कार्यालयले सबै व्यहोरा बुझि निवेदकको माग मनासिव देखिएमा परिचय पत्रको प्रतिलिपि उपलब्ध गराउन प्राप्त निवेदन तथा अन्य कागजातको प्रतिलिपि वडा कार्यालयमा राखि निवेदकले पेश गरेको सक्कल कागजात सहित सिफारिस गरि उपमहानगरपालिको कार्यालयमा पठाउनुपर्नेछ ।

(ग) स्थानिय तहले सिफारिस सहित प्राप्त भएको निवेदन अपाङ्गताको प्रकृति अनुसार सोझै वा दफा ४२ वमोजिमको स्थानिय समन्वय समितिमा पेश गरि समितिको निर्णय अनुसार अपाङ्गता परिचय पत्रको प्रतिलिपि निशुल्क उपलव्ध गराउनुपर्नेछ ।

(घ) प्रतिलिपिका लागि प्राप्त भएको निवेदनका विषयमा सो परिचय पत्र वाहक व्यक्तिले पहिले प्राप्त गरेको परिचय पत्रमा हेरफेर गर्नुपर्ने देखिएमा स्थानिय समन्वय समितिमा पेश गरि सो समितिवाट प्राप्त निर्देशन अनुसार गर्नुपर्दछ ।

**१०. यस कार्यविधिको प्रतिकुल कार्य भएमा प्रचलित कानुनमा व्यवस्था भए वमोजिम सजाय हुनेछ ।**

**११. अभिलेख सम्बन्धि व्यवस्था :**

(क) सम्बन्धित वडा कार्यालयले आफ्नो क्षेत्रमा भएका कुल अपांगता भएका व्यक्तिहरु तथा अपांगता भएका व्यक्तिहरु मध्ये परिचय पत्र पाएका व्यक्तिहरुको अपांगताको प्रकृति र गाम्भिर्यता लगायत अन्य आवश्यक विवरण खुल्ने गरी नियमित रुपमा अद्यावधिक गरी त्यसको चौमासीक विवरण तयार गरी नियमित रुपमा आफ्नो उप महानगरपालिका तथा जिल्ला समन्वय समितिलाई समेत पठाउनु पर्नेछ ।

(ख) स्थानिय तहले परिचय पत्र वितरण गरेपछि यसको जानकारी परिचय पत्र प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगानामा भएको वडा कार्यालयलाई दिनु पर्दछ ।

(ग) यस उप महानगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका कूल अपांगता भएका व्यक्तिहरु तथा अपांगता परिचय पत्र पाएका व्यक्तिहरुको अभिलेख राखी त्यसको चौमासीक प्रगति प्रतिवेदन प्रदेशको सामाजिक विकास मन्त्रालय,महिला, वालवालिका तथा जेष्ठनागरिक मन्त्रालय र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद ५
## विविध

**१२. विविध**

(क) यस स्थानिय तहले आ –आफ्नो क्षेत्राधिकार भित्र रहेका विकट तथा दुर्गम गाउँहरुमा रहेका अपांगता भएका व्यक्तिहरुका लागि अपांगता परिचय पत्र लगायतका सेवा सरल तरीकाले उपलब्ध गराउन कम्तिमा वर्षको एक पटक ति ठाउँहरुमा परिचय पत्र वितरण सम्बन्धी घुम्ती शिविर संचालन गर्नु पर्दछ ।



Scanned with CamScanner

(ख) यो कार्य विधि लागु हुनु अगाडी प्राप्त गरेको अपांगता परिचय पत्र यस उपमहानगरपालिकालाई बुझाई यो कार्यविधि जारी भएको मितिले एक वर्ष भित्र यस कार्यविधि बमोजिमको परिचय पत्र लिनु पर्नेछ । यस अघि जारी गरीएका परिचय पत्र एक वर्ष पछि स्वतः मान्य हुने छैन ।

(ग) यस कार्यविधिमा भएको प्रावधान अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, र अन्य प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(घ) अपांगता परिचय पत्र वितरण सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएको विषयमा अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

(ङ) अपांग परिचय पत्र वितरण निर्देशिका २०६५ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(च) अपांग परिचय पत्र वितरण निर्देशिका २०६५ खारेज गरीएको छ ।

प्रमाणीकरण

मिति :

अनुसूची १

# अपाङ्गता भएका व्यक्तिको परिचय पत्र पाउनकोलागि दिने निवेदनको ढाँचा

श्री कार्यालय प्रमुख ज्यू

मार्फत ................

............ नगरपालिका

फोटो

मिति :-

विषय :- अपांगता भएका व्यक्तिको परिचय पत्र पाउँ ।

महोदय ,

म अपांगता भएका व्यक्तिको परिचय पत्र पाउन योग्य भएकोले निम्न लिखित विवरण राखि परिचय पत्र पाउन यो निवेदन पेश गरेको छु । मैले पेश गरेको विवरण ठिक साँचो छ , झुट्टा ठहरेमा प्रचलित कानुन वमोजिमको सजाय भोग्न मञ्जुर छु ।

१. नाम थर :.................................... उमेर ............... लिङ्ग :........................

२. प्रदेश ......................

३. ठेगाना :

क) स्थायी ठेगाना : तुल्सीपुर उपमहानगरपालिका , वडा नं. .............. टोल ........................

ख) अस्थायी ठेगाना : ..............................., वडा नं. ....................टोल ......................

ग) सम्पर्क टेलिफोन वा मोवाइल नं.

४. संरक्षक/अभिभावकको नामथर ...................................... निवेदकको नाता....................

संरक्षक/अभिभावकको टेलिफोन वा मोवाइल नं. .........

५. नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार अपांगताको प्रकार ................

६.नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार अशक्तताको आधारमा अपांगताको प्रकार ......................

७. शरीरको अंग, संरचना , प्रणालीमा आएको क्षतिको विवरण :

.......................................................................

.......................................................................................

८. क्षति भएपछि दैनिक क्रियाकलापमा आएको अवरोध वा सिमितताको विवरण



नगरसभाबाट स्वीकृत मि...

प्रमाणीकरण :-

मिति :-

...श्याम पाण्डे

(प्रमुख)

Scanned with CamScanner

.................................................................................................................

.................................................................................................................

९. अपांगताको कारण उपयुक्त स्थानमा चिनो लगाउनुहोस ।

क) रोगको दीर्घ असर ख)दुर्घटना ग) जन्मजात

घ)सशस्त्र द्वन्द ङ) वंशानुगत कारण च) अन्य

१०. सहायक सामाग्री प्रयोग गर्नुपर्ने आवश्यकता भएको वा नभएको : उपयुक्त स्थानमा चिनो लगाउनुहोस ।

क) भएको ख) नभएको

११. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामाग्रीको प्रयोग गर्नुपर्ने हुन्छ ।

.................................................................................................................

.................................................................................................................

१२. सहायक सामाग्री प्रयोग गर्ने गरेको /नगरेको (उपयुक्त स्थानमा चिनो लगाउनुहोस ।

क) गर्ने गरेको ख) नगर्ने गरेको

१३. सहायक सामाग्रीको प्रयोग गर्ने गरेको भए सामाग्रीको नाम : ............

१४. अन्य व्यक्तिको सहयोग लिनुहुन्छ भने कुन कुन कामको लागि लिनु हुन्छ ।

क) ...................... ख)............................. ग)..........................

घ)...................... ङ) ............................. च).........................

१५. अन्य व्यक्तिको सहयोग लिनुहुन्छ भने कुन कुन कामको लागि लिनु हुन्छ ।

क)......................ख)............................ग)...........................

घ)......................ङ)............................च) ..............................

१६. पछिल्लो शैक्षिक योग्यता

क) प्राथमिक तह ख) निम्न माध्यामिक तह ग) माध्यामिक तह

घ) स्नातक तह ङ) स्नातक तह च) स्नातकोत्तर तह

छ) विद्यावारिधी तह

१७. कुनै तालिम प्राप्त गर्नुभएको भए मुख्य तालिमहरुको नाम लेख्नुहोस ।



नक्कल सक्कलसँग भिडाई स्वीकृत
प्रमाणीकरण
घनश्याम पाण्डे
(अधिकृत)
मिति :

Scanned with CamScanner

..................................................................................................

..................................................................................................

१८. हालको पेशा :

क) अध्ययन   ख) कृषि व्यवसाय   ग) स्वरोजगार   घ) सरकारी सेवा

ङ) निजी क्षेत्रमा सेवा   च) केही नगरेको   छ) अन्य

निवेदक

नाम, थर :

हस्ताक्षर :

मिति :

स्वीकृत मिति :

घनश्याम पाण्डे

(प्रमुख)

मिति :-

Scanned with CamScanner

अनुसूची २
अपांगता भएका व्यक्तिको परिचयपत्रको ढाँचा

तुलसीपुर उप महानगरपालिका
प्रदेश नं. ५,नेपाल

फोटो

परिचय पत्र नं. :
परिचय पत्रको प्रकार :

## अपांगता परिचय पत्र

१) नाम थर :
२) ठेगाना : प्रदेश .. .. .. .. .. .. ... . जिल्ला.. .. .. .. .. .. स्थानिय तह : .. .. .. .. .. ..
३) जन्म मिति : ४) नागरीकता प्रमाण पत्र नं. : .. .. .. .. ..
५) लिंग : .. .. .. .. .. .. ६) रक्त समूह .. .. .. .......
७) अपांगताको किसीम : प्रकृतिको आधारमा .. .. .. .. .. . ... गम्भिरता .. .. .. ...
८) बाबु/आमा वा संरक्षकको नाम थर :.. .. . . ........................................
९) परिचय पत्र वाहकको दस्तखत : .. .. .. ..............................................
१०) परिचय पत्र प्रमाणित गर्ने :

नाम,थर : ................................
हस्ताक्षर : ... ...........................
पद : ........................................
मिति : ....................................

यो परिचय पत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा स्थानिय तहमा बुझाई दिनुहोला ।

नगरसभाबाट स्वीकृत मिति :
प्रमाणीकरण मिति :

(प्रमुख)

## Annex 2

## Disability Identity Card

फोटो

Tulasipur Sub Metropolitan City
Provence No .5,Nepal

ID card No. :
ID Card Type :

Disability Identity Card

1) Full Name of Person :
2) Adress : Provence : .. .. .. District :.. .. .. .. Local level : ............
3) Date of Birth : 4) Citizenship No. :
5) Sex : .. .. .. . . . . .. .. .. .. ..6) Blood Group : .. .. .. ... ..
7) Type of Disability : On the basis of nature .. .. . .. On the basis of Severity .. .. .. ... .. ..
8) Father/Mother name or Guardain : .. .. .. .. ................. ....
9) Signature of ID Holders : .. .. .. . .. .. ................. .....
10) Approved by :

Name : .. .. .. .. .. .. .. .. ..
Signature : .. .. .. .. . .. . .
Designation: .. .. .. .. ....
Date : .. .....................

"If somebody finds this ID card,please deposite this in the nearby police station or this Tulasipur Sub Metropolitan City Office."

सक्कलसँग भिडाई स्वीकृत गरिएको
प्रमाणीकरण
घनश्याम पाण्डे
(प्रमुख)
मिति :-

Scanned with CamScanner